## ट्रेडमार्क निर्देशिका, २०७२

### प्रस्तावना

उद्योग व्यवसायद्वारा उत्पादित वस्तु वा सेवाको बजारीकरण गर्न, स्वस्थ प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरी आन्तरिक तथा वैदेशिक व्यापार संचालनमा सघाउ पुर्‍याउन, ट्रेडमार्क दर्ता प्रकृयालाई सरलीकृत र पारदर्शी बनाउन, ट्रेडमार्क व्यवस्थापन कार्यलाई आधुनिकीकरण गर्न, ट्रेडमार्क संरक्षणलाई संस्थागत गरी ट्रेडमार्क सम्बन्धी विवादको निरुपण गर्न र उत्पादक, वितरक र उपभोक्ता समेतको हितलाई अभिबृद्धि गर्न पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन २०२२, नेपाल पक्ष भएको औद्योगिक सम्पत्ति संरक्षण सम्बन्धी पेरिस महासन्धि, १८८३ तथा ब्यापार सम्बद्ध बौद्विक सम्पत्ति सम्बन्धी सम्झौता, १९९५ समेतको आधारमा कार्यसञ्चालन प्रक्रिया सुव्यवस्थित र प्रभावकारी बनाउन सुशासन (व्यबस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम “ट्रेडमार्क निर्देशिका, २०७२” रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **ऐन** भन्नाले पेटेन्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ लाई सम्झनुपर्छ।

(ख) **ट्रेडमार्क** भन्नाले ऐनको दफा २(ग) मा परिभाषित भए बमोजिमको ट्रेडमार्क सम्झनुपर्छ।

(ग) **सेवा चिन्ह (Service Mark)** भन्नाले ऐनको दफा २ (ग) बमोजिम सेवा कार्यमा प्रयोग हुने ट्रेडमार्क सम्झनु पर्दछ।

(घ) **कलेक्टिभ मार्क** भन्नाले दर्ताको निमित्त दरखास्त पेश गर्दा सामूहिक चिन्ह भनी किटान गरिएको कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेको पेशागत छाता संघ, सङ्गठन वा सहकारी संस्थाको रेखदेख र नियन्त्रणमा रही समान उद्देश्य भएका वा समान ठाउँ, पेशा वा समुदायको हिसावले आबद्ध रहेका एकै वा समान बस्तु उत्पादन गर्ने वा समान सेवा संचालन गर्ने सदस्यहरुले प्रयोग गर्न सक्ने ट्रेडमार्क सम्झनु पर्दछ।

(ङ) **सुपरिचित चिन्ह (Well Known Mark)** भन्नाले नेपाल सरकारले तोकेबमोजिमको ट्रेडमार्कलाई सम्झनु पर्दछ।

(च) **प्रयोगको अनुमति (Licensing)** भन्नाले कुनै ट्रेडमार्क धनीले अरु कुनै ब्यवसाय वा संगठनलाई आपसी संझौताका आधारमा आफ्नो ट्रेडमार्क सम्बन्धी हकको उपयोग गर्न पाउने गरी अधिकार सुम्पेको लिखित सम्झौतालाई जनाउँछ।

(छ) **विभाग** भन्नाले ऐनको दफा २ को खण्ड (घ) बमोजिमको उद्योग विभाग सम्झनु पर्दछ।

(ज) **बुलेटिन (Bulletin)** भन्नाले ट्रेडमार्क दर्ता गर्नु अघि सार्वजनिक दावी विरोधका लागि विभागले प्रकाशित गर्ने औद्योगिक सम्पत्ति बुलेटिन सम्झनु पर्दछ।

(ञ) **परीक्षक (Examiner)** भन्नाले ट्रेडमार्क परीक्षण गर्ने जिम्मेवारी तोकिएको अधिकृत कर्मचारी सम्झनु पर्दछ।

(ट) **परीक्षण (Examination)** भन्नाले ट्रेडमार्क दर्ता सम्बन्धमा परीक्षकद्वारा गरिने प्रारम्भिक र तुलनात्मक जाँचबुझलाई सम्झनु पर्दछ।

(ठ) **ग्राह्यता मिति (Priority Date)** भन्नाले पेरिस महासन्धिको व्यापारिक गोपनियता वा अन्तर्राष्ट्रिय सन्धि पक्ष रहेको मुलुकमा ट्रेडमार्क दर्ताको लागि सुरु दरखास्त दर्ता भएको मिति सम्झनु पर्दछ।

(ड) **अभिलेख (Record)** भन्नाले ट्रेडमार्क दर्ता, नवीकरण, नामसारी, ठाउँसारी, विवरण संशोधन र अन्य सान्दर्भिक विषयहरुको संग्रह सम्झनु पर्दछ।

३. **निर्देशिकाको कार्यान्वयनः** यस निर्देशिकाको कार्यान्वयन उद्योग विभागबाट हुनेछ।

## परिच्छेद -२

## ट्रेडमार्कको संरक्षण तथा व्यवस्थापन

४. **ट्रेडमार्कको लागि दरखास्तः** १) ऐनको दफा १७ को उपदफा (१) अनुसार ट्रेडमार्क दर्ता गर्न चाहने कानून बमोजिम स्थापित फर्म, कम्पनी, निकाय, प्रतिष्ठान, संघसंस्थाले लिखित रुपमा नेपाली भाषामा अनुसूची-१ को ढाँचामा विभाग समक्ष दरखास्त दिनुपर्नेछ।

२) ऐनको दफा १७ को उपदफा(२)बमोजिम दरखास्त फारामसाथ देहायका कागजात र प्रमाणहरु पेश गर्नुपर्नेछ:

(क) फर्म, कम्पनी, निकाय, प्रतिष्ठान, संघसंस्थाको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) फर्म, कम्पनी, निकाय, प्रतिष्ठान, संघसंस्थाको करदर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) तोकिए बमोजिमको शुल्क तिरेको रसिद,

(घ) वारेस वा कानून व्यवसायी नियुक्त गरेको भए अनुसुची-२ को ढाँचामा अख्तियारनामा दिएको सक्कल वा नोटरी प्रमाणित कागज र अख्तियारप्राप्त व्यक्तिको परिचय खुल्ने कागज,

(ङ) ट्रेडमार्क प्रयोग गरिने वस्तु वा सेवाको विवरण र वर्गसमेत अङ्कित ४ प्रति नमूनाहरु,

(च) विदेशी दरखास्तवालको हकमा ग्राह्यता मितिको सुविधा लिन चाहने दरखास्तवालाले पेरिस महासन्धिको सदस्य राष्ट्रमा आवेदन गरेको प्रमाणको प्रमाणित प्रतिलिपि।

३) दरखास्त गर्न पाउने हैसियत भएका एक भन्दा बढी भए निवेदन दिँदा कुनै एक व्यक्तिको दस्तखतलाई मान्यता दिन सकिने छ। साथै, दरखास्त दिने व्यक्तिलाई प्रदान गरेको अधिकारनामा समेत पेश गर्नु पर्नेछ।

४) दरखास्तवाला वा प्रतिनिधि वा वारेसले ट्रेडमार्क दर्ताको लागि आवेदन गर्दा पेश गरिएका सवै कागजातहरुको पछाडि दस्तखत गरेको हुनु पर्नेछ। प्रतिलिपी भए सबै कागजातहरुमा नोटरी प्रमाणित गरिएको हुनु पर्नेछ। फर्म वा कम्पनीको हकमा फर्म वा कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

५) दरखास्तको भाषा नेपाली हुनेछ। विदेशीको हकमा अङ्ग्रेजी भाषामा समेत दरखास्त दिन सकिनेछ।

**५.दर्ता भएको ट्रेडमार्कको हकः** ऐनको दफा १६ को अधिनमा रही दर्ता भएका ट्रेडमार्क धनीलाई देहायका हकहरु रहनेछन्:

(क) आफैले निर्वाध रुपले प्रयोग गर्ने,

(ख) आफ्नो अनुमति विना अन्य फर्म वा कम्पनीलाई सो ट्रेडमार्क प्रयोग गर्नबाट र हुबहु उस्तै खालको वा लेखाई, हेराई, बोलाई, सुनाई वा अन्य प्रस्तुतीबाट भ्रमपर्ने गरी प्रयोग गर्न वा नक्कल गर्नबाट रोक्ने,

(ग) निश्चित शर्तको अधिनमा रही निश्चित अवधिका लागि अन्य फर्म वा कम्पनीलाई प्रयोगको अनुमति दिने,

(घ) अरु चल अचल सम्पत्ति सरह बेचबिखन, करारमा लिनदिन, नामसारी वा हक हस्तान्तरण गर्ने।

**६. ग्राह्यता मितिः** (१) कसैले औद्योगिक सम्पत्ति संरक्षणका लागि पेरिस महासन्धि अनुसारको ग्राह्यता मितिको सुविधा माग गरी ट्रेडमार्क दर्ताको दरखास्त गर्ने भए पेरिस महासन्धिको कुनै सदस्य राष्ट्रमा प्रथम पटक दरखास्त दिएको मितिले छ महिनाभित्र ग्राह्यतासम्बन्धी पूर्ण विवरणसहित विभागमा दरखास्त दिनुपर्नेछ। यो निर्देशिका लागु हुनु अगावै औद्योगिक सम्पत्ति संरक्षणका लागि पेरिस महासन्धि अनुसारको ग्राह्यता मितिको सुविधा माग गरी ट्रेडमार्क दर्ताको दरखास्त दिएको भए उक्त दरखास्तहरुको हकमा ऐनको दफा २१ग. बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम ग्राह्यता मितिको दावी गरी विभागमा दरखास्त दर्ता गर्दा अनिवार्य रुपमा सम्बन्धित मुलुकमा दरखास्त दर्ता गरेको प्रमाण कागजात पेश गर्नुपर्नेछ। विदेशी दरखास्तवालाले अख्तियारनामा (Power of Attorney) बाहेक ग्राह्यतासम्बन्धी कागजात पैंतालिस दिनभित्र विभागसमक्ष पेश गर्न सक्नेछ।

(३) कुनै दरखास्तवालाले नेपालमा दर्ताका लागि दरखास्त दिएको ट्रेडमार्कको पेरिस महासन्धि तथा ऐनले गरेको व्यवस्थाअनुसार ग्राह्यता मिति कायम गरी विदेशमा दरखास्त गर्न चाहेमा सो कुरा अनुरोध गरी विभागमा निवेदन दिनुपर्नेछ। दरखास्तवालाको त्यस्तो निवेदन परेमा निवेदन कर्तालाई विभागले ग्राह्यता मिति सम्बन्धी विवरणको आधिकारिक कागजात प्रदान गर्नुपर्नेछ।

**७. प्रारम्भिक परीक्षण**: १) ट्रेडमार्कको प्रारम्भिक परीक्षण गर्दा परीक्षकले अनुसूची-३ को ढाँचामा प्रारम्भिक परीक्षण फाराममा देहायका विषयहरु उल्लेख भए/नभएको परीक्षण गर्नु पर्नेछ :

(क) दरखास्त फाराममा उल्लेख भए बमोजिमका सबै विवरण भरे/नभरेको,

(ख) दफा ५ को उपदफा (१) मा तोकिए बमोजिमका सबै कागजात र प्रमाणहरु दरखास्त फारामको साथमा पेश गरे/नगरेको,

२) उपदफा (१) को अवस्था पुरा भएको खण्डमा दरखास्तवालाले अनुरोध गरेमा सो मितिलाई ग्राह्यता मिति कायम गरी आधिकारिक निस्सा प्रदान गर्न सकिनेछ।

३) विभागले ट्रेडमार्क दरखास्त दर्ता गरेको निस्सा स्वरुप आवेदनको छायाँ प्रतिमा दर्ता नम्बर र मितिको छाप लगाई सम्बन्धित अधिकृतले प्रमाणित गरी दरखास्तवालालाई उपलब्ध गराउनेछ र ग्राह्यता मितिसमेत माग भएको अवस्थामा सोसमेत जनाई प्रमाणित गरिदिनु पर्नेछ।

४) ट्रेडमार्क दर्ताको माग गरी विभागमा दर्ता भएका दरखास्तको सम्वन्धमा विभागले अनुसूची-४ को ढाँचामा अभिलेख राख्नेछ।

**८. तुलनात्मक परीक्षणः** १) ऐनको दफा १८ को उपदफा (१)को प्रतिबन्धात्मक वाक्यांश समेतका आधारमा विभागले तुलनात्मक परीक्षण गर्दा अनुसूची - ५ को ढाँचामा परीक्षण गर्नेछ।

२) उपदफा (१) बमोजिम दर्ता गर्न अयोग्य ठहरिएको ट्रेडमार्क दरखास्तको हकमा ऐनको दफा १८ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम दरखास्त खारेज गरी दरखास्तवालालाई कारण सहित जानकारी दिन सकिने छ।

३) दरखास्तमा माग गरिएका ट्रेडमार्क दावी विरोधका लागि बुलेटिनमा पठाउने निर्णयको जानकारी दरखास्तवालाबाट माग भएको अवस्थामा सम्बन्धित दरखास्तवालालाई सोको जानकारी दिन सकिनेछ।

**९. परामर्श समितिः** कुनै दरखास्तमा माग गरिएको ट्रेडमार्क स्वीकृत गर्ने वा नगर्ने सम्बन्धमा निर्णयकर्तालाई द्विविधा भएको अवस्थामा ट्रेडमार्कको दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा सिफारिस गर्न देहाय बमोजिमको परामर्श समिति रहनेछ:

| | |
|---|---|
| निर्देशक (वरिष्ठ), औद्योगिक सम्पत्ति शाखा | संयोजक |
| निर्देशकहरु, औद्योगिक सम्पत्ति शाखा | सदस्य |
| निर्देशक, विदेशी लगानी शाखा | सदस्य |
| कानून अधिकृत, उद्योग विभाग | सदस्य |

परामर्श समितिमा बौद्धिक सम्पत्तिसँग सम्बन्धित क्षेत्रका कानून ब्यवसायी वा विज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ।

**१०. ट्रेडमार्क लेवलमा खुलाउनु पर्ने विषयहरुः** (१) कुनै वस्तुको उत्पादक वा सेवाको संचालकले आफ्नो ट्रेडमार्क लेवलमा देहायका कुराहरु पनि खुलाउनु पर्नेछ :

क) उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम १५ मा उल्लेखित विषयहरु,

ख) सूर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) गर्ने ऐन, २०६८ र सो ऐन बमोजिम बनेको निर्देशिकाले तोकेका चित्र तथा सूचना,

घ) मदिरा जन्य पेय पदार्थमा अन्तःशुल्क ऐन, २०५८ बमोजिमको प्रकार ।

(२) कुनै लेवलमा ट्रेडमार्कको रुपमा प्रयोग भएको शब्द वा चिन्हलाई विज्ञापनयुक्त वा सूचना मुलक चिन्ह भन्दा बढी स्पष्ट देखिने गरी प्रस्तुत गर्नु पर्नेछ।

(३) दर्ता भएका ट्रेडमार्क प्रयोग गर्दा विभागमा पेश गरेको आवेदनमा उल्लेख भएकै स्वरुपमा प्रयोग गर्नु पर्नेछ।

तर, विभागबाट स्वीकृत भएभन्दा भिन्न स्वरुपमा रजिष्ट्रर्ड भनी प्रयोग गरेको पाईएमा अनधिकृत प्रयोग भएको मानी कारवाही गरिनेछ।

**११. विवरण संशोधनः** (१) ट्रेडमार्क परीक्षण अवधिमा दरखास्तवालाले तोकिएको दस्तुर सहित सुरु दरखास्तमा संशोधनको लागि अनुसूची-६ को ढाँचामा विभाग समक्ष निवेदन गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसारको दरखास्त सम्बन्धमा निर्णयकर्ता सन्तुष्ट भएमा संशोधन गर्ने स्वीकृति दिन सक्नेछ।

**१२. औद्योगिक सम्पत्ति वुलेटिन प्रकाशन तथा उजुरी छानवीनः** (१) कुनै ट्रेडमार्कको परीक्षण पुरा भएपछि दर्ता गर्नुभन्दा पहिले विभागले सो ट्रेडमार्कको यथार्थ विवरण दावीविरोधका लागि विभागको वेभ साइटमा औद्योगिक सम्पत्ति बुलेटिन सार्वजनिक गर्नेछ।

(२) सार्वजनिक सूचना जारी भएको मितिले ९० दिनभित्र प्रस्तावित ट्रेडमार्क सम्बन्धमा सरोकारवालाको दावी विरोध भए आधार प्रमाण खुलाई अनुसूची -७ को ढाँचामा तोकिएको दस्तुर सहित ट्रेडमार्क दर्ता रोकी पाउँ भनी उजुरी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उजुरी उपर कारवाही गर्दा विभागले सम्बन्धित ट्रेडमार्कको धनीलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनेछ।

(४) उपदफा (३) बमोजिम सफाई पेश हुन आएपछि विभागले तथ्य प्रमाणहरु, आवश्यक छानवीन र औचित्य हेरी खारेज गर्ने वा नगर्ने निर्णय गर्नेछ।

(५) ऐन र यो निर्देशिकाको दफा ६ देखि दफा १२ सम्मको प्रक्रियामा योग्य ठहरिएका ट्रेडमार्कहरु अनुसूची- ८ को ढाँचामा दर्ता अभिलेख राखिनेछ।

(६) दर्ता गर्न योग्य ठहरिएका ट्रेडमार्क अनुसूची –९ को ढाँचामा दरखास्तवालाको नाममा तोकिएको दस्तुर लिई ट्रेडमार्क दर्ता प्रमाणपत्र जारी गरिनेछ।

**१३. प्रमाण पत्र लिने अवधिः** (१)ट्रेडमार्क औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशित भई दावी विरोध अवधि भित्र उजुरी नपरी परिपक्व भएकोमा वा उजुरी परी सो उपर छानवीन भई निर्णय भएको मितिले एक वर्षभित्र प्रमाणपत्र लिन नआएमा विभागले त्यस्तो ट्रेडमार्क खारेज गर्न सक्नेछ।

(२) यो निर्देशिका लागु हुनुभन्दा अघिका दरखास्तका सम्बन्धमा यो निर्देशिका लागु भएको मितिले एक वर्षसम्म प्रमाणपत्र लिन नआएमा विभागले त्यस्तो दरखास्त खारेज गर्न सक्नेछ।

**१४. ट्रेडमार्कको वर्गीकरणः** १) ऐनको दफा १८क. को प्रयोजनको लागि अर्को व्यवस्था नभएसम्म ट्रेडमार्कको दरखास्त, दर्ता, परीक्षण, अभिलेख आदि प्रयोजनका लागि अनुसूची-१० को ढाँचामा ट्रेडमार्कको वर्गीकरण पद्धति लागु हुनेछ।

२) विभागले ट्रेडमार्कको वर्गीकरणमा समय समयमा पुनरावलोकन गर्न सक्नेछ।

**१५. ट्रेडमार्क प्रयोग गर्न नपाइने:** ऐन तथा यस निर्देशिकाको प्रक्रिया पुरा नगरी कुनै पनि ट्रेडमार्क रजिष्टर्ड ट्रेडमार्कको रुपमा प्रयोग गर्न पाइने छैन।

**१६. ट्रेडमार्कको प्रयोगः** १) कुनै पनि वस्तु वा सेवामा प्रयोग गर्ने मनसायले कुनै ट्रेडमार्कको दरखास्त दर्ता भएकोमा ऐनको दफा १८ग. बमोजिम दर्ता प्रमाणपत्र जारी भएको मितिले बढीमा एक वर्षभित्र सम्वन्धित वस्तु वा सेवामा प्रयोग गरिसक्नु पर्नेछ।

२) देहायका सबै अवस्थाहरुमा ट्रेडमार्कको प्रयोग भएको मानिनेछ:

(क) धनी आफैले सम्बन्धित वस्तु वा सेवामा प्रयोग गरेको,

(ख) धनीको स्वीकृति र नियन्त्रणमा अन्यले प्रयोगमा ल्याएको वा इजाजतबाट प्रयोग भएको,

(ग) कानुनी प्रक्रियाको कारणले प्रयोगमा आउन नसकेको,

(घ) मुलुकभित्र वस्तु वा सेवा उत्पादन नभए पनि व्यापार संजालबाट मुलुकमा वस्तु आपूर्ति गरिएको,

(ङ) सूचना प्रविधिको उपयोग गरि कुनै ट्रेडमार्क सार्वजनिक गरिएको।

(३) उपदफा (१) र (२) बमोजिम प्रयोगमा नल्याएका ट्रेडमार्क विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो ट्रेडमार्क दर्ता खारेज गर्न सक्नेछ। तर दर्ता खारेजी गर्नु भन्दा अघि ट्रेडमार्क धनीलाई सफाइको मनासिव मौका दिनुपर्नेछ।

**१७. ट्रेडमार्कको संरक्षण अवधि र नवीकरणः** (१) ट्रेडमार्कको संरक्षण अवधि दरखास्त दर्ता भएको मितिले सात वर्षको हुनेछ।

(२) ट्रेडमार्क प्रयोग गर्न पाउँने अवधि समाप्त भएको मितिले पैतीस दिनभित्र अनुसूची - ११ को ढाँचामा दरखास्त दिई तोकिएको दस्तुर बुझाई नवीकरण गराउन सकिनेछ। नवीकरण गर्ने म्याद नाघेमा छ महीनाभित्र तोकिएको दस्तुर बुझाई नवीकरण गराउन सकिने छ। सो बमोजिम नवीकरण गराउँदा सात सात वर्षको अवधि कायम गरी जति पटक पनि नवीकरण गराउन सकिने छ।

**१८. कलेक्टिभ मार्कको संरक्षणः** कलेक्टिभ मार्कको संरक्षण "कलेक्टिभ मार्कको दर्ता सम्बन्धी निर्देशिका, २०६७" बमोजिम हुनेछ ।

**१९. सुपरिचित चिन्हः** सुपरिचित चिन्हका मापदण्ड तथा सुपरिचित चिन्हहरु नेपाल सरकारले समय समयमा तोकेबमोजिम हुनेछन्।

**२०. ट्रेडमार्कको हक हस्तान्तरण र प्रयोगको अनुमतिः** (१) ऐनको दफा २१घ. अनुसार हुने ट्रेडमार्कको हक हस्तान्तरणको स्वीकृतिको लागि अनुसूची –१२ को ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) ऐनको दफा २१घ. अनुसार हुने ट्रेडमार्कको प्रयोगको अनुमतिको लागि अनुसूची -१३ को ढाँचामा दरखास्त दिनु पर्नेछ।

**२१. अख्तियारनामा :** ट्रेडमार्क दर्ताको लागि ऐनको दफा २० बमोजिम वारेस वा कानून व्यवसायी नियुक्त गर्दा ट्रेडमार्क धनीले अख्तियारनामा पाउँने वारेस वा कानून व्यवसायीलाई सोको प्रयोजन तोकिएको अख्तियारनामा पेश गर्नु पर्नेछ।

**२२. दस्तुरः** ट्रेडमार्कको दर्ता र अन्य विविध प्रयोजनका लागि दस्तुरहरु तोकिए बमोजिम हुनेछ।

**२३. दर्ता भएका ट्रेडमार्कका विवरण प्रकाशनः** ऐनको दफा २१क. बमोजिम दर्ता, नवीकरण, बदर, स्वामित्व परिवर्तन वा अन्य व्यहोरा हेरफेर भएका ट्रेडमार्कको विवरण वार्षिक रुपमा सार्वजनिक जानकारीका लागि बुलेटिनमा प्रकाशन गरिनेछ।

## परिच्छेद - ३

## विवाद समाधान तथा मुद्दा ब्यवस्थापन

२४. **उजुरी गर्न सक्नेः** (१) कसैको ट्रेडमार्कको अधिकार उल्लङ्घन गरी अनधिकृत रुपमा वस्तु वा सेवामा प्रयोग भएको थाहा पाएमा वा उपभोक्ताको वस्तु वा सेवा उपभोग गर्ने अधिकार हनन भएमा वा ऐनको बर्खिलाप हुने गरी ट्रेडमार्क प्रयोग भएको भन्ने लागेमा सम्बन्धित सरोकारबालालाई विभागमा उजुरी गर्ने अधिकार हुनेछ।

(२) उजुरी नेपाली भाषामा दिनु पर्नेछ। उजुरी अन्य भाषामा भएमा नेपाली भाषाको नोटरी प्रमाणित अनुवाद समेत संलग्न राख्नु पर्नेछ।

(३) ऐन र यो निर्देशिका बमोजिम दर्ता भई प्रयोगमा रहेको ट्रेडमार्कको कसैले अनाधिकृत रुपमा प्रयोग गरी हकवालाको हक हनन भएमा थाहा पाएको मितिले ३५ दिन भित्र विभागमा उजुरी गर्नु पर्नेछ।

(४) अनधिकृत प्रयोग भन्नाले देहायमा उल्लेखित क्रियाकलापलाई जनाउनेछः

(क) ट्रेडमार्कको हकवालाको स्वीकृत विना नै दर्ता भएको ट्रेडमार्कलाई प्रयोगमा ल्याउने,

(ख) ऐनले तोकेको अवधिभित्र नवीकरण नगरिएको ट्रेडमार्कलाई दर्ता भएको ट्रेडमार्कको रुपमा प्रयोग गरेको,

(ग) दर्ता नभएको ट्रेडमार्कलाई दर्ता भएको ट्रेडमार्कको रुपमा प्रयोगमा ल्याएको,

(घ) कुनै निश्चित वस्तु वा सेवामा प्रयोग गर्ने भनेर दर्ता गरेको ट्रेडमार्क अर्को वस्तु वा सेवामा दर्ता भएको चिन्हको रुपमा प्रयोग गरेको।

(५) अनधिकृत रुपमा ट्रेडमार्क प्रयोग भएकोमा प्रयोगको अनुमति लिई ट्रेडमार्कको प्रयोग गर्ने व्यक्तिलाई समेत उजुरी गर्ने अधिकार हुनेछ।

(६) विदेशी ट्रेडमार्कको हकमा निजको वारिस वा कानुनी व्यवसायी मार्फत् उजुरी गर्नुपर्नेछ।

(७) ऐनको दफा २१क. बमोजिम दर्ता भएको ट्रेडमार्क प्रकाशित भएको मितिले ३५ दिनभित्र विभागमा उजुरी दिन सक्नेछ। त्यसरी परेको उजुरी उपर विभागले जाँचबुझ गरी आवश्यक कारवाही गर्नुपर्नेछ। उजुरी उपर सुनुवाई हुन नसक्ने अवस्था भएमा वा उजुरी नलाग्ने भएमा विभागले कारण समेत खुलाई उजुरकर्तालाई जानकारी दिनु पर्दछ।

(८) ऐन र यस निर्देशिका बमोजिम उजुरी परेको कुनै ट्रेडमार्कका सम्बन्धमा उजुरीका पक्षहरुलाई अनुसूची - १४ बमोजिमको ढाँचामा तारेख पर्चा उपलब्ध गराइनेछ

(९) ऐन र यस निर्देशिका बमोजिम विभागमा उजुरी परी विचाराधीन रहेका उजुरीहरुका सम्बन्धमा विभागबाट कारवाही हुँदा सम्पर्कमा नआउने वा सम्पर्क हुन नसकेका उजुरीकर्ताहरुको उजुरी पछि सम्पर्कमा आएका बखत कारवाही अगाडि बढाउने गरी तामेलीमा राखिनेछ।

२५. **ट्रेडमार्क हक कार्यान्वयन गर्ने निकायहरुः** (१) ट्रेडमार्क हक कार्यान्वयनका लागि प्रशासनिक र न्यायिक निकायहरु रहनेछन्।

(२) प्रशासनिक कारवाहीका लागि उद्योग विभाग, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, भन्सार कार्यालयहरु आआफ्नो क्षेत्राधिकारको हिसावले बेग्लाबेग्लै वा सामुहिक रुपमा समेत जिम्मेवार रहनेछन्।

(३) विभागले ट्रेडमार्क हकको कार्यान्वयन सम्बन्धमा अर्धन्यायिक निकायको हैसियतले उजुरीको सुरु कारवाही र किनारा गर्नेछ।

(४) विभागको निर्णय चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ।

२६. **कानुनी उपचार विधि:** (१) ट्रेडमार्क सम्बन्धी अधिकारको उल्लंघन वा नक्कल सम्बन्धी विवाद समाधान लागि उत्पादन रोक्ने, वस्तुको आयात रोक्का गर्ने, वस्तु जफत गर्ने, क्षतिपूर्ति भराउने लगायतका विधिहरु अवलम्वन गर्न सकिनेछ।

(२) वस्तुको आयात रोक्ने आदेश प्रचलित कानून बमोजिम भन्सार विभाग वा भन्सार कार्यालयबाट कार्यान्वयन हुनेछ।

(३) ऐन तथा यस निर्देशिकाको कार्यान्वयनको लागि विभागले सम्बन्धित जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरीको सहयोगमा आवश्यकता अनुसार अनुगमन, निरीक्षण र खानतलासीको कारवाही प्रचलित कानून बमोजिम बिना सूचना पनि गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम गरिने पूर्व सूचनाविनाको खानतलासी कार्य सम्बन्धित पक्षलाई अपुरणीय क्षति हुने वा प्रमाण नष्ट हुने वा पछि गम्भीर परिणाम उत्पन्न हुने कुरामा आदेश दिने अधिकारी आश्वस्त भएको अवस्थामा मात्र लागु गरिनेछ।

(५) उपदफा (४) मा उल्लेखित प्रयोजनका लागि विभागले आवश्यकता अनुसार अन्य प्रशासनिक र सुरक्षा निकायको समेत सहयोग लिन सक्नेछ। वस्तु जफत गर्ने, नष्ट गर्ने वा अन्य कारवाही र किनारा गर्ने काम जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरीको सहयोगमा विभागले गर्नेछ।

(६) क्षतिपुर्ति भराउने सम्बन्धमा मुद्दा हेर्ने अधिकारीले आवश्यक प्रमाण बुझी उजुरीकर्ताले दावी गरे अनुसार प्रमाणको मूल्यांकन गरी ठहरेको विगोलाई आधार मानी उचित क्षतिपूर्ति भराउने निर्णय गर्नेछ। साथै, निर्णय गर्नुपूर्व आवश्यक देखेमा सम्बन्धित विषयका विशेषज्ञबाट आवश्यक राय लिई निर्णय गर्न सक्नेछ।

२७. **जरिवाना र सजायः** जरिवाना र सजाय ऐनको दफा १९ बमोजिम विभागको आदेशले कसुरको मात्रा अनुसार एक लाख रुपैयासम्म जरिवाना र कसुरसँग सम्बन्धित सबै मालसामान जफत हुनेछ।

## परिच्छेद ४
## विविध

२८. **विचाराधीन दरखास्तः** यो निर्देशिका लागु हुनुअघि नै विभागमा दर्ताका लागि दरखास्त परी विचाराधीन रहेका र दरखास्तवालाकै कारण दर्ता प्रक्रिया अघि बढ्न नसकेका तीन वर्ष समयावधि नाघेका ट्रेडमार्कका विचाराधीन दरखास्तहरुको सम्बन्धमा देहायबमोजिम हुनेछः

क) विभागमा ट्रेडमार्क दर्ताका लागि दरखास्त परी आवश्यक कागजात पूरा नभएको कारणले विभागले दर्ता प्रक्रियामा लैजान नसकिएका ट्रेडमार्क दरखास्तवाला वा कानूनी प्रतिनिधिलाई आवश्यक कागजात पेश गर्ने सम्बन्धमा छ महिनाको समय दिई लिखित रुपमा निर्देशात्मक पत्राचार गर्नु पर्नेछ। दरखास्तवाला वा कानुनी प्रतिनिधिले विभागबाट लिखित जानकारी पाएको छ महिनाभित्र आवश्यक सम्पूर्ण कागजातहरु लिखित निवेदनसाथ पेश गर्नुपर्नेछ ।

ख) खण्ड (क) बमोजिम लिखित पत्राचार गरी तोकिएको समयावधिभित्र लिखित निवेदनसाथ सम्पर्कमा आएका वा आउने दरखास्तवालाको प्रस्तावित ट्रेडमार्कमाथि दफा ७ र ८ बमोजिमको परीक्षण गरी विभागले निर्णय दिन सक्नेछ।

ग) खण्ड (क) बमोजिम लिखित पत्राचार गरी तोकिएको समयावधिभित्र लिखित निवेदनसाथ सम्पर्कमा नआएका वा नआउने दरखास्तवालाको प्रस्तावित ट्रेडमार्क विभागले निर्णय गरी खारेज गर्न सक्नेछ।

घ) सम्पूर्ण कागजात पूरा भई बसेका पुराना दरखास्तको सम्बन्धमा विभागले एक बर्ष छ महिनाभित्र आवश्यक निर्णय दिइसक्नु पर्नेछ।

२९. **संक्षिप्त कार्यविधि अपनाउनु पर्नेः** यस ऐन अन्तरगत दायर भएको मुद्दाको कारवाही किनारा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिम हुनेछ।

३०. **ऐनको व्यवस्था मान्य हुने:** यस निर्देशिकामा उल्लिखित कुनै व्यवस्था ऐनसँग बाझिएमा बाझिएको हदसम्म ऐनमा भएको व्यवस्था मान्य हुनेछ।

३१. **बाधा अडकाउ फुकाउने अधिकार :** यो निर्देशिका कार्यान्वयनका क्रममा कुनै बाधा परेमा वा निर्देशिकामा उल्लेख नभएको विषयमा कुनै व्यवस्था गर्न परेमा विभागले निर्णय गरे बमोजिम हुनेछ।

अनुसूची -१

दफा ४ को उपदफा (१) सँग सम्बन्धित

ट्रेडमार्क दर्ताको निमित्त दिइने दरखास्तको ढाँचा

श्रीमान् महानिर्देशकज्यू
उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौ।

यसै निवेदन साथ संलग्न नमूना अनुसारको ट्रेडमार्क तपसिल बमोजिमको विवरणको अधीनमा रही प्रचलनमा ल्याउने भएको र प्रचलनमा ल्याएकोले सोको चार प्रति नमूना र दरखास्त दस्तुर संलग्न राखी ट्रेडमार्क दर्ताको लागि दरखास्त दिएको छु।

## दरखास्त सम्वन्धी विस्तृत विवरण

१. ट्रेडमार्क धनी (व्यक्ति, कम्पनी, वा अन्य संघ संस्था) को पूरा नामः

| |
|---|
| |

२. ट्रेडमार्क धनीको पूरा ठेगाना

| |
|---|
| **जिल्ला.........................** गाउँ/नगरपालिका..........................वडा नं........ टोल......... |

३. प्रस्तावित ट्रेडमार्कको विवरण

| | |
|---|---|
| क. ट्रेडमार्कको विवरण<br><br>ख. अन्तरराष्टिय वर्ग .............<br><br>ग. ग्राह्यता सम्बन्धी दावी भए सो को विवरण:<br>• दर्ता नं.:<br>• मिति:<br>• देश/युनियन:<br>ग. प्रयोगमा आईसकेको भए सोको मिति............<br>घ. ट्रेडमार्कमा प्रयोग हुने वस्तु वा सेवा ................... | ट्रेडमार्कको नमूना |

४. प्रस्तावित ट्रेडमार्कमा प्रयोग गरिएको शव्द, संकेत वा चित्रको उत्पत्ति, चयन र तात्पर्य सम्वन्धी अभिव्यक्ति

| |
|---|
| |

५. ट्रेडमार्क संयोजनमा एकाधिकार रहने तथा नरहने पक्षहरुः

| एकाधिकार रहने पक्षहरु | एकाधिकार नरहने पक्षहरु |
|---|---|
| | |

६. प्रस्तावित ट्रेडमार्क सम्वन्धमा पछि पेटेण्ट, डिजायन तथा ट्रेडमार्क ऐन २०२२ को दफा १८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित अवस्था विद्यमान रहेको पाईएमा सोही दफाको उपदफा (३) बमोजिमको विभागीय कारवाहीको भागी हुनेछु।

७. प्रस्तावित ट्रेडमार्क दर्ता भैसकेपछि ऐनको दफा १८ (ग) बमोजिम एक वर्ष भित्र प्रचलनमा ल्याई विभागलाई प्रचलनमा आएको मिति प्रमाणित रुपमा अविलम्व जानकारी दिनेछु। जानकारी नदिए विभागले ट्रेडमार्क खारेज गरेमा मेरो मंजूरी छ।

८. ऐनको दफा १६ (२), दफा २३ (क) र दफा १८ (ख) उल्लंघन गर्ने छैन।

९. संलग्न कागजातहरु (कागजातको पछाडि निवेदकको हस्ताक्षर हुनु पर्नेछ)

(क) ट्रेडमार्क प्रयोग गरिने वस्तु वा सेवासंग सम्वन्धित व्यवसाय संचालन गर्ने अनुमति पत्र वा प्रमाणपत्र।

(ख) ट्रेडमार्क शब्द वाहेक प्रतीक, चित्रण, रंग संयोजन वा मिश्रित अवस्थाको भएमा चिन्ह प्रयोग हुने वस्तु वा सेवा समेत उल्लेख भएका सकभर ८/८ से.मी. का ४ प्रति नमूनाहरु।

(ग) प्रतिनिधि मनोनयन गरिएको भए अधिकारनामा।

(घ) प्रस्तावित ट्रेडमार्क पहिलेदेखि प्रचलनमा रहेको भए प्रमाणित मिति सहितको सवूद।

१०. प्रस्तावित ट्रेडमार्क मेरो आफ्नै मौलिक चयन हो। पूर्ण वा आंशिक रुपमा पनि अरु कसैको नक्कल गरेको होइन। साबिकमा कसैले आवेदन गरेको वा प्रचलनमा ल्याई ख्याती आर्जन गरिसकेको देखिएमा वा पेरिस कन्भेन्सन अनुसार संरक्षण गरिदिनु पर्ने भएमा यो ट्रेडमार्क जुनसुकै बखत खारेज गरी दिएमा मेरो मञ्जुरी छ। उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो हो झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको दस्तखत

११. दरखास्तवालाको पुरा ठेगाना

जिल्ला............................ गाउँ/नगरपालिका.............................. वडानं. ............ टोलः .....................

फोन नं. ..................................... फ्याक्स नं. ............................... ईमेल

.........................................

दरखास्तवालाको पूरा नाम र हैसियत : .................................... हस्ताक्षर...............................

ठेगाना...................................................... मिति..................................

१२. साक्षीको नाम, ठेगाना र हताक्षर :

क)

ख)

अनुसूची -२

निर्देशिकाको दफा ४ को उपदफा (२) को खण्ड (घ)सँग सम्बन्धित

वारेस वा कानून व्यवसायी नियुक्ति फारामको ढाँचा

श्रीमान् महानिर्देशकज्यू,
उद्योग विभाग, त्रिपुरेश्वर काठमाण्डौ।

विषयः वारेस वा कानून व्यवसायी नियुक्ति।

मैले/हामीले देहायमा उल्लेखित विवरण अनुसारको कार्यहरु गर्नका लागि देहायमा उल्लिखित भएबमोजिमको वारेस वा कानून व्यवसायी नियुक्तिको लागि निवेदन दिईएको छु /छौं।

१. नियुक्तिकर्ताको नाम: हस्ताक्षर : पद: मिति:

२. वारेस वा कानून व्यवसायीको विवरण:

नाम थर र ठेगाना :

टेलिफोन र मोवाइल नं : फ्याक्स नं : ईमेल :

कानून व्यवसायी भए निजको प्रमाण पत्र नं : नागरिकता नं.:

३. तपसीलमा उल्लिखितमध्ये अख्तियारी दिइएको कार्य खुलाउने:

दरखास्त दर्ता, ट्रेडमार्क दर्ता, उजुरी तथा दावी विरोध, विवरण संशोधन, नवीकरण, हक हस्तान्तरण, प्रयोगको अनुमति, प्रतिलिपी लिने, प्रमाणपत्र तथा कागजातहरु बुझ्ने, उजुरी तथा दावीविरोधको सम्बन्धमा आफ्नो पक्षको तर्फबाट प्रतिनिधित्व गर्ने वा पुनरावेदन गर्ने र अन्य आवश्यक कार्य।

अख्तियारी दिइएका कार्य:

४. अख्तियारी बहाल रहने अवधि:

५. अख्तियारी दिने व्यक्ति वा फर्मको दस्तखत र छापसहितको विवरण:

(For the Purpose of Foreign Trademark)

## POWER OF ATTORNEY

**I/We** (Name of Applicant) ……………….

Of, ……………. (Address of applicant)

hereby authorize

…………………………..
…………………………..
…………………………..

for the purpose of applying for the registrations/renewal/Change of recordable Trademark**/s** in Nepal and to represent us in all matters in connection therewith, including the defense of opposition to the registration and we also authorize them to sign our name on such papers and request that all departmental notices, requisitions and communications relating thereto may be sent to the above-named firm of attorneys at the above address.

We further authorize the said attorneys to take or cause to be taken all local; and essential steps and to submit/file this application, in Nepali as well as in English language if needed and such further applications as required and to sign the same on our behalf.

We also authorize the said attorneys to act as our address for service of departmental notices as part of any registration or other proceedings in the context aforesaid.

We hereby revoke all previous authorizations, if any, in respect of the matters aforesaid.

Dated this ------- Day of------- .

To be signed under the Seal of the company by a Director or other Official whose signature should be attested by two witnesses below. As well as this form have to be Notarized/Legalized.

Signed by --------------

Designation ------------

**Witnesses**

1. -------------

2. --------------

____________
Company Seal/Stamp

अनुसूची - ३

दफा ७ को उपदफा (१) सँग सम्बन्धित

प्रारम्भिक परीक्षण फारामको ढाँचा

१. दरखास्तवालाको नाम र ठेगाना :

२. दरखास्त दर्ता नं. र मिति:

३. परीक्षणको विवरण:

(क) दर्ताको लागि दरखास्त भए नभएको:

(ख) वस्तु वा सेवाको वर्ग खुलाएको नखुलाएको:

(ग) वस्तु वा सेवा संचालनको ठेगाना उल्लेख गरे नगरेको:

(घ) दरखास्तवालाको हस्ताक्षर भए नभएको:

(ङ) साक्षीहरु संलग्न गरे नगरेको:

(च) शुल्क तिरेको रसिद संलग्न गरे नगरेको:

(छ) निवेदन नेपाली वाहेक अन्य भाषामा भए अंग्रेजी रुपान्तरण गरिएको नोटरी प्रमाणित पेश गरे नगरेको:

(ज) वारेस वा कानुनी प्रतिनिधि नियुक्त गरे नगरेको:

(झ) वारेस वा कानुनी प्रतिनिधि नियुक्त भएमा अख्तियारनामा भए नभएको:

(ञ) विदेशी ट्रेडमार्कको हकमा ग्राह्यता मिति उल्लेख गरे नगरेको:

(ट) दफा ४(२) बमोजिमका सम्पूर्ण कागजात भए नभएको

४. परीक्षकको नाम, पद र दस्तखत:

५. परीक्षण मिति:

अनुसूची - ४

दफा ७  को उपदफा (४) सँग सम्बन्धित

दरखास्त अभिलेख फारामको ढाँचा

| क्र.सं. | दरखास्त दर्ता मिति | दरखास्तवालाको नाम | दरखास्तवालाको ठेगाना | ट्रेडमार्कको स्वरुप | वर्ग | वस्तु वा सेवा | दर्ता नं. | बुझ्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

विवरण पेश गर्ने

नामः

पदः

प्रमाणित गर्ने

नामः

पदः

अनुसूची - ५

दफा ८ को उपदफा (१)सँग सम्बन्धित

**तुलनात्मक परीक्षण फारामको ढाँचा**

१. दरखास्तवालाको नाम र ठेगाना:

२. दरखास्त दर्ता नं. र मिति:

३. परीक्षण विवरण:

(क) कुनै व्यक्ति वा सँस्थाको प्रतिष्ठामा धक्का पर्ने नपर्ने:

(ख) सर्वसाधारण जनताको सदाचार वा नैतिकता वा धार्मिक, सामाजिक तथा साँस्कृतिक मर्यादा वा राष्ट्रिय हितमा नराम्रो असर पर्ने नपर्ने:

(ग) अरु कसैको ट्रेडमार्कको ख्यातिमा धक्का पर्ने नपर्ने:

(घ) साविकमा दर्ता रहेका वा दर्ता प्रक्रियामा रहेका ट्रेडमार्कसंग भ्रम पर्न सक्ने भए नभएको:

(ङ) कुनै राष्ट्र वा अन्तर्राष्ट्रिय संगठनका झण्डा, प्रतिक चिन्ह, नाम वा संक्षिप्त रुप, सरकारी निकायको छापसंग मिल्दोजुल्दो भए नभएको:

(च) औषधिमा विश्व स्वास्थ्य संगठनको जेनेरिक सूचीमा परेका नाम भए नभएको:

(छ) ओलम्पिक चिन्हसंग मिल्दोजुल्दो भए नभएको:

(ज) यस अघि अस्वीकृत भएका ट्रेडमार्कहरुसंग मिल्दोजुल्दो भए नभएको:

(झ) नेपाल सरकारले तोकेका सुपरिचित ट्रेडमार्कहरुसंग मिल्दोजुल्दो भए नभएको:

(ञ) सार्वजनिक निकायको नाम वा सार्वजनिक पदनामसँग मिल्दोजुल्दो भए नभएको:

(ट) छिमेकी राष्ट्र वा मित्रराष्ट्र वा अन्तराष्ट्रिय संगठनसँगको सम्बन्धमा प्रतिकुल असर पर्ने नपर्ने:

(ठ) दर्ता कायम रहेको ट्रेडमार्क अघि वा पछि सर्ग, उपसर्ग जोडिएको नजोडिएको:

(ड) भौगोलिक नामसँग मिल्दो जुल्दो भए नभएको वा भौगोलिक स्रोतको गलत संकेत दिने भए नभएको:

(ढ) राष्ट्रिय जनगणनाको पछिल्लो प्रतिवेदनमा उल्लिखित जातजाति जनाउने शब्द भए नभएको:

(ण) सम्बन्धीत वस्तु वा सेवाकै वर्णनात्मक शब्द भए नभएको:

(त) नाङ्गो आँखाले देख्न सकिने, भिन्नता छुट्टिने वा कुनै आर्जित भिन्नताको पहिचान निर्माण भए नभएको:

(थ) प्रचलित कानूनले निषेध गरिएको चिन्ह भए नभएको:

४. परीक्षकको नाम, पद र दस्तखत:

५. परीक्षण गरेको मितिः

अनुसूची - ६

दफा ११ को उपदफा (१) सँग सम्बन्धित

**विवरण संशोधन फारामको ढाँचा**

श्रीमान् महानिर्देशकज्यू,

उद्योग विभाग,

त्रिपुरेश्वर काठमाण्डौ।

विषयः विवरणहरु संशोधन सम्बन्धमा।

मैले/हामीले देहायमा उल्लिखित विवरण संसोधन गर्न निवेदन दिएको छु/छौ।

१. विवरण संसोधनको प्रसंग

क. टेडमार्क नाम तथा विवरण:

ख. ट्रेडमार्क दरखास्त नं.:

ग. ट्रेडमार्क प्रमाण पत्र नं:

ग. अन्य केही भएमा:

२. विवरण संशोधनका विषयहरु:

क. ठेगाना परिवर्तन ख. स्वामित्व परिवर्तन ग. इजाजत र शर्तहरुको परिवर्तन

ङ. अन्य

३. परिवर्तनको विवरण:

क. साविक विवरण:

ख. परिवर्तित विवरण:

ग. परिवर्तन गर्नु पर्नाको कारण:

४. दरखास्तवाला सम्बन्धी विवरण:

क. नाम र ठेगाना:

ख. टेलिफोन नं.: फ्याक्स नं.: इमेल:

अनुसूची - ७

दफा १२ को उपदफा (२)सँग सम्बन्धित

**दावी विरोध फारामको ढाँचा**

१. दावी विरोधका लागि सार्वजनिक भएको ट्रेडमार्कको विवरण:

क. विपक्षीको नाम र ठेगाना:

ख. दरखास्त दर्ता नं.:

ग. दावी विरोध गरिएको ट्रेडमार्कको नाम:

घ. वुलेटिनमा प्रकाशित मिति:

२. दावी विरोधका आधारहरु:

३. दावी विरोधका आधारहरलाई पुष्टयाई गर्ने प्रमाणहरु:

४. दावी विरोधकर्ता सम्बन्धी विवरण:

क. नाम र ठेगाना:

ख. टेलिफोन नं.: फ्याक्स नं.: इमेल:

अनुसूची - ८

दफा १२ को उपदफा (५) सँग सम्बन्धित

**दर्ता अभिलेख फारामको ढाँचा**

| क्र. सं. | दर्ता मिति | दर्ता नं. | ट्रेडमार्क धनीको नाम | ट्रेडमार्क धनीको ठेगाना | ट्रेडमार्कको स्वरुप | वर्ग | वस्तु वा सेवा | भौचर नं. | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

विवरण पेश गर्ने

नामः

पद

मितिः

प्रमाणित गर्ने

नामः

पदः

मितिः

अनुसूची - ९
दफा १२ को उपदफा (६) सँग सम्बन्धित
**प्रमाण पत्रको ढाँचा**

नेपाल सरकार
उद्योग मन्त्रालय
उद्योग विभाग

## ट्रेडमार्क दर्ता प्रमाण पत्र

पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १८ बमोजिम देहायमा उल्लेख भएको विवरण र संलग्न नमुना बमोजिमको ट्रेडमार्क दर्ता गरी यो प्रमाणपत्र जारी गरिएको छ।

ट्रेडमार्कको शीर्षक:

दरखास्त दर्ता नं. र मिति:

वर्ग र प्रयोग हुने वस्तु वा सेवा: ट्रेडमार्क रहने स्थान

ग्राह्यता सम्बन्धी विवरण:

प्रमाण पत्र नं. र मिति:

ट्रेडमार्क धनीको नाम र ठेगाना:

----------------
दस्तखत

Government of Nepal
Ministry of Industry
Department of Industries

**Certificate of Trademark Registration**

In Accordance with the article 18 of Patent Design and Trademark Act 1965, it is hereby registered the Trademark with displayed in this certificate having the following particulars:

Title of Trademark:

Application No. and Filing Date:

Class and Used Article or Service:

Priority Details:

Name and Address of Owner:

Registration No and Date:

माथि प्रस्तुत नमुना  बमोजिमको … … … … … … … … … … … … … … … … … … … … … … … …  भागमा मात्र एकाधिकार रहनेछ।

| कार्यालयको छाप | नवीकरण गरेको मिति | नवीकरणको म्याद समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको सहीछाप |
|---|---|---|---|
| | | | |

द्रष्टव्य: यो प्रमाणपत्रको अवधि दरखास्त दर्ता गरेको मितिबाट सात बर्षसम्म कायम रहनेछ।

Note: This certificate will be valid for seven years from the period of filing date.

अनुसूची -१०

दफा १४ को उपदफा (१) सँग सम्बन्धित

**वस्तु र सेवाको वर्गीकरण**

| वर्ग | वस्तुको वर्गीकरण | वस्तु र सेवाको नाम |
|---|---|---|
| १ | रासायनिक पदार्थ | कृषि रसायन र मल, औद्योगिक रसायन, चम्काउने वस्तु... |
| २ | रंग रोगन | विभिन्न रंगहरु, पोलिस, घोलक वस्तु ... |
| ३ | श्रृङगार र सरसफाईका सामाग्री | साबुन, सर्फ, क्रिम, पाउडर, कपालको तेल ... |
| ४ | इन्धन र लुब्रिकेन्ट | पेट्रेल, ब्रिकेट, ग्रिज,मैनबत्ती ... |
| ५ | औषधिहरु | विभिन्न मान्छे र पशुपन्छी समेतका औषधिहरु ... |
| ६ | धातुका सामाग्री | विभिन्न धातु पदार्थ, निमार्णका सामाग्रीहरु ... |
| ७ | मेसिनरी सामान | मेसिन र मेसिनका सामानहरु, मोटर र इन्जिन(जमिनमा चल्ने मोटर बाहेक), कृषि उपकरण ... |
| ८ | हाते औजारहरु | चक्कु, कैंची, कुटो, कोदालो, दाह्री काट्ने मेसिन ... |
| ९ | विद्युतीय र वैज्ञानिक उपकरणहरु | फोटोग्राफीका र सर्भेका उपकरण, श्रव्य दृष्यका उपकरण, कम्प्युटर ... |
| १० | चिकित्सकीय उपकरणहरु | दाँत बनाउने, उपचार गर्ने, फिजियोथेरापी गर्ने, रोग पहिचान गर्ने उपकरण ... |
| ११ | वातावरणीय अनुकुलनका उपकरण | तताउने, चिस्याउने, पकाउने, सुकाउने, उज्यालो पार्ने खालका उपकरणहरु ... |
| १२ | सवारी साधन | गाडी, पानी जहाज, हवाइजहाज र तिनका संवाग र इन्जिनहरु ... |
| १३ | हातहतियार(प्रहार गर्ने) | कुनै पनि शस्त्र अस्त्र, मिसायल ... |
| १४ | गर गहना | मूल्यवान धातु पदार्थ, जस्तै सुन चाँदी, हिरा आदि र तिनबातट बनेका सामान र घडी समेत ... |
| १५ | संगीतका उपकरण | हार्मोनियम, मादल, बाँसुरी, पियानो जस्ता विद्युतीय संगित उपकरण ... |
| १६ | कागज र कागजबाट बनेका सामान | किताब, कापी, पत्रिका, फोटो, पोष्टर, कलम र विभिन्न शैक्षिक सामाग्रीहरु ... |
| १७ | रबर तथा पाष्टिक | कच्चा पदार्थको रुपमा वा तिनबाट बनेका सामानहरु,प्याकिङ गर्ने सामान, पाइप ... |
| १८ | छालाका तथा नक्कली छालाका सामानहरु | बाकस, झोला, काटी छाता, टेक्ने लठ्ठी ... |
| १९ | निमार्ण सामाग्री (गैरधातु) | पाईप, काठ, इँटा, रोडा, ढुंगं, अलकत्रा, बाँसका खम्वा ... |
| २० | फर्निचर सम्बन्धि सामान | फर्निचर, ऐना, फ्रेम, हाड र काठ, बाँस, छ्वाली आदिबाट निर्मित सामानहरु ... |
| २१ | घरायसी तथा काँच र माटोका सामानहरु | माटाका सामान, सरसफाईका उपकरण, ब्रस, काँच र माटो पोर्सिलिनको सामानहरु ... |
| २२ | प्राकृतिक रेशा र डोरीका सामानहरु | रेशा पदार्थ डोरी, धागो, जाली बोरा ... |
| २३ | धागो र डोरी (लुगा बुन्ने) | लुगा बुन्ने प्रयोजनका विभिन्न धागो र डोरी ... |
| २४ | कपडाहरु | थान कपडा, तन्ना, टेबुलपोस, अन्य वर्गमा नपरेका कपडाका सामानहरु ... |
| २५ | लुगा, जुत्ता | शरीरमा लगाउने, टाउकामा लगाउने, खुट्टामा लगाउने जुत्ता मोजा ... |
| २६ | फेन्सी सामान | रिवन,टाँक, हुक ... |
| २७ | भुई सजावटका सामान | कार्पेट, भित्ता सजाउने वस्तु, डोरम्याट ... |
| २८ | खेलौना खेलकुदका सामान | खेल्ने सामान, चाडपर्वमा सजाउने सामान, पुतली ... |
| २९ | मासु र प्रशोधित खाद्य पदार्थ | माछा, मासु, कुखुरा, सुकुटी, फलफुल र तरकारीबाट बनाएका खाना, खाने तेल, जाम, जेली ... |
| ३० | दैनिक निर्वाहका परिकार | कफि, चिया, चिनी, चामल, पिठो, विभिन्न मर मसलाहरु नुन, मिठाई, विस्कुट ... |
| ३१ | प्राकृतिक कृषि उत्पादन | जिउँदा पशुपञ्छी, ताजा फलफूल तरकारी, जंगलबाट पाउने खाद्य पदार्थ ... |
| ३२ | हल्का पेय पदार्थ | वियर, जुस, प्रशोधित पानी ... |
| ३३ | मदिराजन्य पदार्थ | वियर बाहेक वाईन, हुस्की, रम, जिन ... |
| ३४ | सुर्ती जन्य पदार्थ | चुरोट, विडी, खैनी, गुट्खा ... |
| सेवाको वर्गीकरण | | |
| ३५ | विज्ञापन र व्यवसाय सेवा | विज्ञापन, व्यवस्थापन, प्रशासन र कार्यालय चलाउने कार्यहरु ... |
| ३६ | वीमा र वित्तिय सेवा | मुद्राको कारोवार, घरजग्गा कारोवार, लेखा कारोवार, वीमा ... |
| ३७ | निमार्ण तथा मर्मत सेवा | भवन निमार्ण कार्य, मर्मत, जडान सेवा ... |
| ३८ | दूरसञ्चार सेवा | एक व्यक्तिले अर्कासँग सुचना सम्प्रेण गर्ने सेवा र तरिकाहरु ... |
| ३९ | यातायात र पारवान | वस्तु प्याकेजिङ, ढुवानी यातायात सेवा, ट्राभल एजेन्सी ... |
| ४० | वस्तुमा संचालित प्रकृयाहरु | यान्त्रिक तथा रासायनिक प्रकृया, वस्तुको रुपान्तरण गर्ने, रङगाउने, दाग हटाउने, धुने, धार लगाउने ... |
| ४१ | शैक्षिक र मनोरन्जनात्मक | शिक्षा, तालिम, खेलकुद साँस्कृतिक कार्यक्रम ... |
| ४२ | विज्ञान, अनुसन्धान र कानुनी सेवा | वैज्ञानिक र प्रविधिगत सेवा, अनुसन्धनात्मक कार्य वा सेवाहरु, कम्प्यूटर सम्बन्धी सेवा, कानुनी सेवा ... |
| ४३ | होटल तथा रेष्टुरेन्ट | कुनै पनि खाना र अस्थाई बसोबास उपलब्ध गराईने सेवाहरु ... |
| ४४ | स्वास्थ्य, सौन्दर्य र कृषि सेवा | औषधि उपचार, फिजियोथेरापी, पशु चिकित्सा, नर्सिङहोम, कृषि सेवा ... |
| ४५ | व्यक्तिगत र सामाजिक सेवा | सेक्युरिटी, घरेलु कामदार, कुचिकार ... |

अनुसूची -११

दफा १७ को उपदफा (२) सँग सम्बन्धित

**ट्रेडमार्क नवीकरणको निमित्त दिइने दरखास्तको ढाँचा**

श्रीमान् महानिर्देशकज्यू, मिति:

उद्योग विभाग, त्रिपुरेश्वर काठमाण्डौ।

विषयः ट्रेडमार्क नवीकरण सम्बन्धमा।

मैले/हामीले यसैसाथ संलग्न नमूनाको ट्रेडमार्कमा देहायको विवरण खोली ट्रेडमार्क नवीकरणको लागि निवेदन दिईएको छु/छौं:

१. नवीकरण गर्नुपर्ने ट्रेडमार्कको -

क. ट्रेडमार्कको नाम:

ख. दरखास्त दर्ता नं. :

ग. प्रमाण पत्र नं. :

घ. वर्ग र वस्तु वा सेवा:

२. ट्रेडमार्क धनीको नाम, ठेगाना:

३. दरखास्तवालाको –

क. नाम, ठेगाना र हैसियत:

ख. हस्ताक्षर र छाप:

४. दस्तुर बुझाएको रसिद/भौचर नं र मिति:

५. प्रतिनिधि मार्फत नवीकरण गराउने भएमा अख्तियारनामा र अख्तियारी पाउँनेको परिचय खुल्ने कागज राख्नुपर्ने।

अनुसूची –१२

दफा २० को उपदफा (१) सँग सम्बन्धित

**हक हस्तान्तरण दरखास्तको ढाँचा**

श्रीमान् महानिर्देशकज्यू, मिति:

उद्योग विभाग, त्रिपुरेश्वर काठमाण्डौ।

विषयः ट्रेडमार्कको हक हस्तान्तरण सम्बन्धमा।

मैले/हामीले देहायमा उल्लेखित विवरण अनुसारको हक हस्तन्तरणको दरखास्त पेश गरेको छु/छौ:

१. ट्रेडमार्कको विवरण -

क. ट्रेडमार्कको नाम:

ख. दरखास्त दर्ता नं. :

ग. प्रमाण पत्र नं. :

घ. वर्ग र वस्तु वा सेवा:

२. हक हस्तान्तरण गर्नाका आधारहरु -

क. राजिनामाबाट हक हस्तान्तरण गरेको:

ख. सस्था वा कारोवार गाभिएकोमा:

ग. अन्य:

३. हक हस्तान्तरण गरिदिने पक्षको विवरण -

क. नाम र ठेगाना:

ख. हैसियत:

ग. विदेशी व्यक्ति वा संस्था भएमा स्थानीय प्रतिनिधिको नाम, ठेगानाः

४. हक हस्तान्तरण गरिलिने पक्षको विवरण -

क. नाम र ठेगाना:

ख. हैसियत:

ग. विदेशी व्यक्ति वा संस्था भएमा स्थानीय प्रतिनिधिको नाम, ठेगानाः

५. दरखास्तवालाको कानुनी प्रतिनिधि भएमा –

क. प्रतिनिधिको नामः

ख. प्रतिनिधिको ठेगानाः

ग. कानून व्यवसायी भए प्रमाण पत्र नं.:

६. लिने दिने पक्षको हस्ताक्षर र छाप –

| | |
|---|---|
| दिने पक्ष : | लिने पक्ष : |
| हस्ताक्षर : | हस्ताक्षर: |
| छाप र मिति: | छाप र मिति: |

७. दस्तुर रकम/भौचर नं र मिति:

अनुसूची - १३

दफा २० को उपदफा (२) सँग सम्बन्धित

**ट्रेडमार्क प्रयोगको अनुमति सम्बन्धी दरखास्तको ढाँचा**

श्रीमान् महानिर्देशकज्यू,
उद्योग विभाग,
त्रिपुरेश्वर काठमाण्डौ।

विषयः ट्रेडमार्क प्रयोग गर्ने अनुमती सम्झौता सम्बन्धमा।

मैले/हामीले देहायमा उल्लिखित विवरण अनुसारको ट्रेडमार्क प्रयोगको अनुमतिको लागि दरखास्त पेश गरेको छु/छौं:

१. ट्रेडमार्कको विवरण -

क. ट्रेडमार्कको नाम:

ख. दरखास्त दर्ता नं. :

ग. प्रमाण पत्र नं. :

घ. वर्ग र वस्तु वा सेवा:

२. प्रयोगको अनुमतिका अवधि तथा शर्तहरु -

क. अनुमति दिएको लिएको अवधि :

ख. शर्तहरु: सम्झौतामा उल्लेख भए बमोजिम।

३. प्रयोगको अनुमति गरिदिने पक्षको विवरण -

क. नाम र ठेगाना:

ख. हैसियत:

ग. विदेशी व्यक्ति वा संस्था भएमा स्थानीय प्रतिनिधिको नाम, ठेगानाः

४. प्रयोगको अनुमति गरिलिने पक्षको विवरण -

क. नाम र ठेगाना:

ख. हैसियत:

ग. विदेशी व्यक्ति वा संस्था भएमा स्थानीय प्रतिनिधिको नाम, ठेगानाः

५. दरखास्तवालाको कानुनी प्रतिनिधि भएमा –

दिने पक्ष : लिने पक्ष:

क. प्रतिनिधिको नामः

ख. प्रतिनिधिको ठेगानाः

ग. कानून व्यवसायी भए प्रमाण पत्र नं.:

६. लिने दिने पक्षको हस्ताक्षर र छाप –

दिने पक्ष : लिने पक्ष :

हस्ताक्षर :

छाप र मिति:

७. दस्तुर रकम/भौचर नं र मितिः

अनुसूची - १४

दफा २४ को उपदफा (८) सँग सम्बन्धित

**तारेख पर्चाको ढाँचा**

## श्री उद्योग विभाग, काठमाण्डौबाट जारी गरिएको तारेख पर्चा

फाँटवालाको नाम:

मुद्दा नं.:

वादीको नाम: प्रतिवादीको नाम :

मुद्दा :

मिति:

२०७... साल ... ... ... ... महिना ... ... ... गते .... ... .. बजे यस विभागमा यस विभागमा हाजिर हुन आउनु होला।

फाँटवालाको दस्तखत